आकाशवाणी खरसांगः प्रादेशिक समाचार -नेपाली

मितिः 13 सितम्बर 2025

समयः 1850 -19.00

## मुख्य समाचार

1. प्रधानमन्त्री नरेन्द्र मोदीले सुशीला कार्कीलाई नेपालको नयाँ प्रधानमन्त्री बन्नु भएकोमा बधाई दिनु भएको छ।

2. केन्द्रीय जांच ब्यूरो (सीबीआई) अनुसार शिक्षा भर्ती घोटालामा पूर्व शिक्षा मंत्री पार्थ चटर्जीले अधिकारिहरुको घरि-घरि स्थानान्तरणलाई आफ्नो सबैभन्दा ठुलो रणनीति बनाएको बताएको छ।

3. सिलगढ़ी नजिक सालबारी-मेथिबारीमा जनहित समाजद्वारा निर्माण गरिएको चेली- माइती भवनको उद्घाटन आज जीटीए प्रमुख अनित थापाद्वारा गरियो।

4. दार्जीलिंग पहाडी छेत्रमा फेरी पहिरोको करण न्यू जलपाईगडी -दार्जिलिंग रूटमा टॉय ट्रेन सेवा पूजा भन्दा पुर्ब बंद गरिएको छ।

प्रधानमंत्री -नेपाल

प्रधानमन्त्री नरेन्द्र मोदीले सुशीला कार्कीलाई नेपालको नयाँ प्रधानमन्त्री बन्नु भएकोमा बधाई दिनु भएको छ। श्री मोदीले भन्नुभयो, नेपालका हाम्रा दाजुभाइ तथा दिदी बहिनीहरूको शान्ति, प्रगति र समृद्धिका लागि भारत पूर्ण रुपमा प्रतिबद्ध छ। नेपालका राष्ट्रपति राम चन्द्र पौडेलले नवनियुक्त अन्तरिम प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा संसदको तल्लो सदन, प्रतिनिधि सभा भंग गर्नु हुँदै आउने वर्ष 5 मार्चमा नयाँ संसदीय चुनावको घोषणा गर्नु भएको छ।

मुख्यमंत्री- बधाई

जेन जेड' आंदोलनबाट उत्पन्न अशांतिलाई लिएर चिंता ब्येक्त गरिसक्नुभएका पश्चिम बंगालकी मुख्यमंत्री ममता बनर्जीले आशा व्यक्त गर्नुभएको छ अंतरिम सरकारको समयमा बंगाल अनि नेपालको मधुर सम्बन्ध येथावत रहनेछ । आज उहाले नेपालका अंतरिम प्रधानमंत्री सुशीला कार्कीलाई बधाई दिनुभयो अनि मित्रता साथै सहयोग अटूट रहने विश्वाश ब्येक्त गर्नुभएको छ । एक सोशल मीडिया पोस्टमा मुख्य मन्त्रीले लेख्नुभएको छ - "नेपालका अंतरिम प्रधानमंत्रीको रूपमा पदभार ग्रहण गर्नुभएकोमा म माननीय सुशीला कार्कीलाई आफ्नो शुभकामना दिंदछु। पश्चिम बंगालको नेपालसित साझा सीमा छ अनि दुवै देशका जनता बीच घनिष्ठ छ भनि उहाले अझ लेख्नुभएको छ । हामी छिमेकीको रूपमा मित्रता अनि सहयोगको गहिरो सम्बन्धलाई अघि बढ़ाउनको लागि उत्सुक छौ ।सुशीला कार्की नेपालको इतिहासमा सुप्रीम कोर्टको पहिलो महिला मुख्य न्यायाधीश हुनुहुन्थ्यो । अब 72 वर्षको उमेरमा उहा नेपालको

पहिलो  महिला प्रधानमंत्री बन्नुभएको छ । उहाले हिज राती राष्ट्रपति रामचंद्र पौडेलको उपस्थितिमा शपथ ग्रहण गर्नुभएको छ । गत मंगलवार के. पी. शर्मा ओलीको राजिनामा पछि आंदोलनकारिहरुको एक वर्गले काठमांडूका  निर्दलीय मेयर अनि लोकप्रिय रैपर बलेन्द्र शाह (बलेन) को नाम अघिल्लो  प्रधानमंत्रीको रूपमा अघि राखेका थिए । तर अंततः आंदोलनकारिहरुको ठुलो समुहले सुशीला कार्कीलाई समर्थन गरे पछि उहा अंतरिम प्रधानमंत्री बन्नु भएको हो ।

शिक्षक भर्ती घोटाला

पश्चिम बंगालमा शिक्षक भर्ती घोटाको जांच गरिरहेको केन्द्रीय जांच ब्यूरो (सीबीआई) लाई ठुलो जानकारी हाथ लागेको छ । एजेंसी अनुसार पूर्व शिक्षा मंत्री अनि तृणमूल कांग्रेसका महासचिव पार्थ चटर्जीले अधिकारिहरुको घरि-घरि स्थानान्तरण अनि फेरबदललाई आफ्नो सबैभन्दा ठुलो रणनीति बनाएका थिए । पश्चिम बंगाल स्कूल सेवा आयोग (डब्ल्यूबीएसएससी) ले राज्यको माध्यमिक अनि उच्च माध्यमिक स्कूलहरुमा शिक्षक अनि  गैर-शिक्षक (ग्रुप-सी और ग्रुप-डी) कर्मचारिहरुको भर्ती गराउद छ। यसै  आयोगको माध्यम  द्वारा  बर्ष 2012 मा  गरिएको 25,753 भर्तिहरुलाई  यसै  बर्ष उच्चतम न्यायालयले रद्द गरिदिएको थियो । अदालतले भर्ती प्रक्रियामा बृहत मात्रामा अनियमितता भएको बताएको छ । जांचमा अघि आएको छ कि चटर्जीले सबैभन्दा पहिला बिस्वाशिलो वरिष्ठ अधिकारिहरुको एक बिशेष दल बनाए अनि त्येसमा पश्चिम बंगाल माध्यमिक शिक्षा बोर्डका  पूर्व अध्यक्ष कल्याणमय गांगोपाध्याय, डब्ल्यूबीएसएससी का पूर्व अध्यक्ष सुबीरश भट्टाचार्य, स्क्रीनिंग कमेटी प्रमुख एसपी सिन्हा, पूर्व सचिव अशोक साहा सहित अन्य धेरै नाम शामिल थिए । उनीहरु माथि अघि बाटै आरोप तय भैसकेको छ । त्येस पछि तल्लो स्थरमा काम

गर्ने अधिकारिहरुको बारम्बार स्थान्तरण गरिन्थ्यो,उनीहरुको काम डाटामा फेर-बदल गर्नु थियो। लगातार फेर-बदलको करण कुनै पनि अधिकारीले यस गड़बड़ीलाई पूर्ण रुपमा बुझ्न सकेनन् । सीबीआई सुत्रहरु अनुसार राजनीतिमा आउन भन्दा पुर्ब पार्थ चटर्जीलाई असल मानव संसाधन प्रबंधक मानिन्थ्यो तर उनले यसै छमताको प्रयोग अवैध सिस्टम बनाउनमा गरे । यस मामलामा सबै भन्दा अधिक समय देखि जेलमा पार्थ चटर्जीनै छन् । उनलाई जुलाई 2022 मा सबै भन्दा पहिला ईडी ले पक्राउ गरेको थियो । त्येस पछि सीबीआई ले पनि आफ्नो जांचमा उनलाई हिरासतमा लियो । हलमा उनलाई सीबीआई अनि ईडी को अधिकतर मामलाहरुमा जमानत प्राप्त भैसकेको छ तर प्राथमिक शिक्षक भर्ती सित सम्बन्धित छुट्टै मामलाहरुको करण उनी अझ पनि न्यायिक हिरासतमै छन् ।

## एड्स रोकथाम

पश्चिम बंगाल राज्य एड्स रोकथाम एवं नियंत्रण सोसायटी (WBSAPCS) को आयोजनामा दार्जीलिङ्ग पहाडको विभिन्न क्षेत्रमा एच आई भी एड्स लाई लिएर इंटेंसिफाईड कैंपेन (सघन अभियान ) सम्पन्न भएको छ। गत 10 सितम्बर देखि 12 सितम्बर सम्म मिरिक लगायत बिजनबारीमा एच आई भी एड्स माथि वैष्णवी प्रडक्सन का नाट्य टोली रिना राया, शिवानी छेत्री अनि आदित्य राया साथै सहयोगी विनय प्रधान द्वारा सडक नाटक प्रस्तुत गर्दै जन मानसमा जनचेतना जगाउने कार्य गरियो। मिरिक अनि विजनबारी अस्पतालका आई सी टी सी विभागका तक्निसियन साथै डाक्टरहरु द्वारा जनमानसको स्वस्थ सँगै रक्त जाँच पनि गरिएको थियो। यस कार्यक्रममा आशा कर्मी,स्वस्थ कर्मी अनि LWS लिंक वर्करहरुको विशेष सहभागिता रहेको थियो। तीन

दिन व्यापी यस सघन अभियानमा चालक वर्ग, कामदार, महिलाहरु साथै विद्यार्थीहरूको व्यापक उपस्थिति देखिएको थियो।

जीटीए प्रमुख भवन उद्धाटन

सिलगढ़ी नजिक सालबारी-मेथिबारीमा जनहित समाजद्वारा निर्माण गरिएको चेली- माइती भवनको उद्धाटन आज जीटीए प्रमुख अनित थापाद्वारा गरियो। यस कार्यक्रममा जीटीएको पर्यटन विभागका सभासद् नोर्देन शेर्पा साथै सामाजका विभिन्न व्यक्ति विशेषहरूको उपस्थिति रहेको थियो। उल्लेखनीय छ, 2010 मा स्थापना भएको जनहित समाजमा लगभग 160 सदस्यहरू सम्मिलित छन्। 2022 देखि भवन निर्माण कार्य शुरू गरिएको र जीटीए अध्यक्ष अनित थापाले पनि व्यक्तिगत रूपमा आर्थिक सहयोग गरेर भवन निर्माणमा धेरै सहयोग पुगेको बताउँदै जनहित समाजको सचिव चितरञ्जन चौधरीले चेली- माइती भवन निर्माण भएकोमा हर्ष प्रकट गर्नु भयो। समाज भवन निर्माणको निम्ति बधाई दिनु हुँदै अनित थापाले एउटा समाजले आउँदो पिँढ़ीमा राम्रो विचारको विजारोपण गरिदिनु पर्छ भन्ने आह्वान गर्नु भयो। श्री थापाले नानीहरूमा सकरात्मक विचार हाल्नु जरूरी हुन्छ किनभने भोलिको हाम्रो समाज तिनै नानीहरूको हातमा हुन्छ भन्दै समाजभित्र

राजनीति नगरी मिलेर एकताको सूत्रमा बाँधिएर बस्ने सन्देश पनि दिनु भयो।

टॉय ट्रेन सेवा - बंद

दार्जीलिंग पहाडी छेत्रमा फेरी पहिरोको करण न्यू जलपाईगडी - दार्जिलिंग रूटमा टॉय ट्रेन सेवा पूजा भन्दा पुर्ब बंद गरिएको छ । 15 सितंबर तक सेवा रद्द गरिएको छ । दार्जिलिंग हिमालयन रेलवेका अधिकारिहरुले बताए अनुसार स्थिति सामान्य हुनु अनि ट्रेन चलाउनमा कम्तिमा पनि अझ तीन दिन लाग्नेछ । ट्रैकबाट हिलो-माटो हटाउने अनि स्थिति सामान्य गर्ने प्रयास गरिँदैछ । अग्रिम बुकिंग पनि रद्द गरिएको छ अनि रेलवेले पैसा फिर्ता गर्ने प्रक्रिया शुरू गरेको छ । डीएचआर का निदेशक ऋषभ चौधरीले पहिरोको कारण टॉय ट्रेन रद्द गरिएको जानकारी दिनुभयो । 15 तारीख ट्रायल रन गरिनेछ अनि सबै ठीक रहे 16 तारीख देखि टॉय ट्रेन सेवा पुनः शुरु गरिनेछ । लगातार वर्षाको करण गत बिहिबार अबेर राती रंगटोंग अनि तिनधारे बीच बिभिन्न स्थानहरुमा पहिरो गएको छ जसको करण टॉय ट्रेनको लिक क्षतिग्रस्त भएको छ । ढुंगा-माटो हटाउनु अनि ट्रेन संचालन सामान्य गर्नको लागि रेल लाइनको मरम्मती कार्यमा समय लाग्नेछ त्येसैले रेल सेवा रद्द गरिएको छ ।

खरसाङ नगरपालि

खरसाङ नगरपालिका अन्तर्गत वार्ड नम्बर 6 अनि वार्ड नम्बर 1 डाक्टर अम्बेटकर बस्ती ( मुर्दाहट्टी), अप्पर नयाँ बस्ती

जाने बाटो हिजोको मुसलधारे पानीले रोड नै बन्द भएको थियो। यस बन्द भएको रोड खोलाउन खरसाङ नगरपालिकाको पहलमा जेसीबी लगाएर खोल्ने कार्य सम्पन्न गरिएको छ। खरसाङको टिबी सेनीटोरियमको क्वाटर क्षेत्रबाट भल आएर वार्ड नम्बर 6 को बाटोको छेउका दुईवटा घरभित्र भल पसेर क्षति भएको थियो भने अप्पर शेर्पा बस्ती, अप्पर नयाँ बस्ती, टिबी सेनीटोरियम, अन्तिम संस्कार गरिने मुर्दाहट्टी (डाक्टर अम्बेडकर बस्ती) जाने मूल बाटो नै बन्द भएको थियो। यस बन्द भएको रोडको आज खरसाङ नगरपालिकाको पहल एवं डेपुटी म्याजिस्टेट महकुमा कार्यालयको निगरानीमा यस क्षेत्रको बाटो एवं घरभित्र पसेका मैला सफा गर्न कार्य खरसाङ नगरपालिका पक्षबाट गरिएको छ। यस कार्यमा खरसाङ नगरपालिकाको भाइस चेयरम्यान सुवास प्रधान, वार्ड नम्बर 6 को पूर्व पार्षद सञ्जय मुखिया साथै नगरपालिकाको अधिकारीहरु र कर्मचारीहरु उपस्थित भएर सर सफाई साथै बाटो खोल्ने कार्य सम्पन्न गरिएको छ।

## कालेबुङ जिल्ला अदालत

कालेबुङ जिल्ला अदालतको आयोजनामा गोर्खा दुःख निवारक सम्मेलन भवनमा एक दिवसीय कानुनी सचेतना कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा जिल्ला न्यायाधीश उत्पल मिश्र, मुख्य न्यायिक मजिस्ट्रेट अल्फा यास्मीन, अदालतकी महिला अधिवक्ता निशा राई, अधिवक्ता रोशनी राई तथा कार्यस्थलमा महिलामाथि हुने यौन उत्पीडन रोकथाम आन्तरिक समितिकी सदस्य अरुणा प्रधानको उपस्थिति रहेको थियो। यस कार्यक्रममा विभिन्न क्षेत्रका महिला कामदारलाई यौन दुर्व्यवहार तथा उत्पीडन रोकथामका सम्बन्धमा

व्यापक रूपमा सचेतना प्रदान गरिएको थियो। स्रोत व्यक्तिका रूपमा नन्दिता प्रधान भट्टले स्थानीय भाषामा यौन उत्पीडनसम्बन्धी विस्तृत व्याख्या गर्दै समाजमा सचेतना फैलाउनु पर्ने आवश्यकता रहेको बताउनु भयो। सभामा सहभागी श्रोताहरूले प्रश्नहरू राख्दै सक्रिय सहभागिता जनाएका थिए। कार्यक्रम राष्ट्रिय गानसँगै सफलतापूर्वक सम्पन्न भयो।

नगरकट्टा

डुवर्सको नगरकट्टा ब्लकको ग्रासमोड चियाकमानका श्रमिकहरूले 20 प्रतिशत पूजा बोनसको माग गर्दै शुक्रबारदेखि विरोध प्रदर्शन गरिरहेका छन्। आज पनि यहाँका चिया श्रमिकहरूले गेट मिटिङमार्फत आफ्नो विरोध जारी राखे। गेट मिटिङ बिहान 8 बजी शुरू भएर 10 बजीसम्म चलेको थियो भने त्यसपछि श्रमिकहरू आ-आफ्नो काममा फर्किए। यसैबीच चिया कमानका प्रबन्धक सुबार्तो मुखर्जीले आज सम्ममा निर्णय लिने आश्वासन दिनु भएको थियो। अर्को तर्फ श्रमिकहरूले प्रबन्धकलाई घेरेर यदि आज पनि कुनै निर्णय आएन भने सोमबारदेखि वृहत आन्दोलन शुरू गर्ने चेतावनी दिएका छन्। ग्रासमोड चिया कमान व्यवस्थापनले 8 दसमलव 33 प्रतिशत मात्र पूजा बोनस दिने सूचना जारी गरेपछि ग्रासमोड चियाकमानका श्रमिकहरू आन्दोलित बनेका हुन। उल्लेखनीय छ, गत केही दिनअघि राज्य सरकारले राज्यका चियाकमानमा यसपालि 20 प्रतिशत गरेर बोनस दिइनुपर्ने एउटा एडभाइजरी जारी गरेको थियो। यद्यपि चियाकमानका मालिकहरूले राज्य सरकारको एडभाइजरीलाई स्वीकार नगरेकोले श्रमिकहरूले आरोप लगाएका छन्।

एस एस सी परिक्षा

कक्षा ११ अनि १२ का लागि शिक्षक भर्ति एस एस सी परिक्षा भोलि हुने छ। कडा सुरक्षा बीच निस्पक्षी र पारदर्शी ढंग मा परिक्षा गराईने छ। यसको निम्ति प्रशासनले सबै व्यवस्था मिलाएको छ। राज्य को विभिन्न जिल्लाहरुमा यो परिक्षा सम्पन्न गरिने छ।